नेपाल सरकार

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

# भूमि व्यवस्थापन तथा अभिलेख विभाग

शाखा अधिकृत

## भूमि व्यवस्थापन तथा अभिलेख विभागबाट घरजग्गा सम्बन्धी कारोबार गर्ने इजाजत पत्र लिने सम्बन्धी सार्वजनिक सूचना

मालपोत ऐन, २०३४ को दफा २६क. र २६ख. मा प्राकृतिक र कानुनी व्यक्ति वा कानुनी व्यक्तिहरुबीच घरजग्गा सम्बन्धी कारोबार गर्ने इजाजत पत्र लिनुपर्ने भएको व्यवस्था बमोजिम नेपाल सरकारबाट मिति २०८२/०६/२७ गते नेपाल राजपत्रमा प्रकाशित सूचना नं.२ मा महानगरपालिका र उप-महानगरपालिका क्षेत्रलाई कार्यक्षेत्र घोषणा गरेको हुँदा एक पटकमा तीन करोड रुपैया भन्दा बढी कारोबार गर्ने इच्छुक फर्म, कम्पनी वा संस्थाहरुले उक्त क्षेत्रमा कारोबार गर्न घरजग्गा इजाजत पत्र लिन यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिनभित्र तपसिलमा उल्लेख भए बमोजिम https://public.dolma.gov.np/dolma मार्फत अनलाइन निवेदन पेश गर्न मालपोत नियमावली, २०३६ को नियम २३ञ. को उपनियम (१) बमोजिम यो सूचना प्रकाशन गरिएको छ।

### तपसिल

१. मालपोत नियमावली, २०३६ (आठौं संशोधन २०८२) को अनुसूची-८ मा उल्लिखित कागजात एवम् प्रमाण स्क्यान गरी सोही अनुसूची बमोजिमको ढाँचामा निवेदन पेश गर्नुपर्नेछ ।

२. इजाजत पत्र लिनको लागि मालपोत नियमावली, २०३६ को नियम २३ट. बमोजिम देहाय अनुसारको दस्तुर बुझाउनु पर्नेछ ।

क) एकपटकमा पाँच करोड रूपैयाँसम्म कारोबार गर्ने व्यक्ति (फर्म, कम्पनी वा संस्था) को हकमा पाँच लाख रूपैयाँ,

ख) एकपटकमा पाँच करोड रुपैयाँ भन्दा घटी वा बढी जतिसुकै रकमको कारोवार गर्ने व्यक्ति (फर्म, कम्पनी वा संस्था) को हकमा दश लाख रूपैयाँ।

३. विभागबाट २०८२/०७/२८ को सूचना बमोजिम अनलाइन निवेदन पेश गरी २०८३ असाढ मसान्त सम्म इजाजतपत्र नलिइएका फर्म, संस्था वा कम्पनीहरुले इजाजत पत्र लिन इच्छुक भएमा यो सूचना बमोजिम पुन: अनलाइन मार्फत निवेदन पेश गर्नुपर्नेछ ।

४. अनलाइन मार्फत निवेदन सहित पेश गरेका कागजातहरुको १/१ प्रति प्रिन्ट गरी विभागमा पेश गर्नुपर्नेछ ।

५. विभागमा निवेदन पेश गरे पश्चात उक्त कम्पनी/फर्म वा संस्थाका संचालक सदस्यहरुको हकमा नेपाल प्रहरीमा रहेको केन्द्रीय अपराध सूचना अभिलेखालयमा रहेको अभिलेखका आधारमा अपराधिक कृयाकलापमा संलग्न नरहेको व्यहोराको पत्र स्वयम्ले पेश गर्नुपर्नेछ ।

६. थप जानकारी आवश्यक भएमा विभागमा सम्पर्क गर्नुहुन ।